जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०   अंक ७५   २०७७ साल असोज २९ गते बिहीबार (15 Oct. 2020 Thursday)   मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : पुनःगठित मन्त्रिपरिषद्का ... ३ पृष्ठमा : अपराध रोक्ने रणनीति ... ३ पृष्ठमा : विश्वभरी कोभिड-१९ ...

# तस्करद्वारा प्रहरीमाथी आक्रमण

## प्रहरीद्वारा चार राउण्ड हवाई फायर, दुई प्रहरी घाइते



**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

सप्तरीमा मंगलबारराती प्रहरी र तस्कर समूहबीच झडप भएको छ । झडपका क्रममा प्रहरीले चार राउण्ड हवाई फायर गरेको छ । सोही क्रममा तस्करको आक्रमणबाट दुई जना प्रहरी घाइते भएका छन् ।

राजविराज नगरपालिका १३ मुसहरनियाँ सडकखण्डमा मंगलबार राती तस्वरहरुले भन्सार छलेर चार/पाँच वटा मोटरसाइकलमा लोड गरि ल्याउँदै गरेको सरसामान नियन्त्रणमा तथा तस्करहरुलाई ८पक्राउ गर्न खोज्दा तस्कर समूह र प्रहरीबीच झडप भएको हो ।

मुसहरनियाँस्थित नहर सडकखण्ड हुँदै भारतबाट भन्सार छलेर तस्करहरुले विभिन्न सामाग्रि भित्राउने गरेको सूचना प्रहरीलाई प्राप्त भएपछि प्रहरीले सो क्षेत्रमा निगरानी बढाएको थियो ।

सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्र धमलाका अनुसार प्रहरीले पक्राउ गरेका सात/आठ जना तस्करहरुलाई छुटाउन स्थानिय केही व्यक्ति समेत मिलेर प्रहरीमाथी घरेलु हतियारले आक्रमण सुरु गरेका थिए । सो क्रममा प्रहरी हवलदार कमलदेव यादव र प्रहरी जवान दिपेन्द्र साह घाइते भएका छन् । दुबैको स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

# हिंसात्मक घटना रोक्नुपर्ने लगायतका ६ बुँदे माँगसहित मुख्यमन्त्रीलाई ज्ञापन




**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

महिला तथा दलित समुदायमाथि भईरहेको श्रृंखलाबद्ध हत्या हिंसा रोक्नुपर्ने लगायतका ६ बुँदे मागसहित राष्ट्रिय युवा संघ नेपाल सप्तरीले बुधबार सप्तरीका प्रमुख जिल्ला अधिकारीमार्फत प्रदेश २ का मुख्यमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।

नेकपाका नेता तथा राष्ट्रिय युवा संघ नेता कार्यकर्ताहरुले सामुहिक रुपमा पठाएको ज्ञापनपत्रमा पछिल्लो चरण दलित समुदाय र दलितमाथि भईरहेको हिंसात्मक घटनाहरुमा संलग्नहरुलाई कानुनी दायरामा

*बाँकी अन्तिम पृष्ठमा*




AGNI INCORPORATED PRIVATE LIMITED

**Agni Incorporated Pvt. Ltd.**
**Branch:** Munalpath, Biratnagar 021-503457/79; Dhungrebas, Sindhuli 047-520772, 9802329889; Gandak, Birgunj 9801568000, 051-419535, 419258; Bhujai Gaun, Nepalgunj 081-550346, 550363; Birendranagar-11, Pipira, Surkhet 083-411104/49, 9802320871

Insurance Partners: NLG, Sagarmatha, VIP, MAXIMILE, Mahindra GENUINE

**Authorized Dealers:** Sakushal Trade Link Pvt. Ltd., **Birtamod, Jhapa** 023-540696, 541114, **Phidim** 024-521001, **Phungling, Taplejung** 024-460495, 9852681315, **Golakhadka Bhanjyang-9, Ilam** 027-521096, 9810199306; Manaram Motors Pvt. Ltd., **Katlebhanjyang,Khadbari-9, Sankhuwasabha** 029-575147, 9866261750; Rumjatar Automobiles, **Siddhicharan-5, Okhaldhunga** 037-5400013, 9849443008; Richa Motors Pvt. Ltd., **Janakpurdham, Dhanusha** 9801671300; Usha Enterprises Pvt. Ltd., **Rajbiraj, Saptari** 031-522666, 520665, **Lahan, Siraha** 033-562411, **Katari, Udaypur** 035-450399; Karki Multi Trading Concern, **Charikot, Dolakha** 9854045525, 9851190942; Suyansh Auto Enterprises Pvt. Ltd, **Lalbandi-7,Sarlahi** 046-501110, 9854035607; Sneha Moto Corp Pvt. Ltd., **Chapur-4, Rautahat** 055-540807, 055-540710, 9801305978; Kala Motors Pvt. Ltd., **Bidur-4, Nuwakot** 010-560036, 9851160083; Batas Brothers Pvt. Ltd., **Pokhara** 061-534707,9801935696, **Baglung** 9801935673, **Beni** 069-521099

Url: agnimahindra.com   Email: marketing@agnigroup.com.np   Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)   www.agnigroup.com.np   twitter/AgniGroup   instagram/AgniGroup   facebook.com/MahindraAgniGroup

# कांग्रेस प्रदर्शनमा सुरक्षाकर्मी र कार्यकर्ता घाइते

सर्लाही, २८ असोज (रासस)।

नेपाली कांग्रेस सर्लाहीले सदरमुकाम मलङ्गवामा बुधबार गरेको प्रदर्शनमा प्रहरीले अश्रुग्यास प्रहार गरेको छ। रामनगर गाउँपालिका–७ बस्ने महेन्द्र रामको मृत्यु प्रकरणमा प्रतिनिधिसभा सदस्य अमरेशनारायण सिंह, नागेन्द्रकुमार यादव, प्रदेश नं २ का प्रमुख सचेतक उपेन्द्र कुशवाहा, प्रदेशसभा सदस्य वीरेन्द्रप्रसाद सिंहलगायत नेता सहभागी रहेको विरोध प्रदर्शनमा प्रहरीले अश्रुग्यास र हवाई फायर गरेको कांग्रेसले आरोप लगाएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख सन्तोषसिंह राठौरले आफूहरुले हवाई फायर नगरेको तर ३१ राउण्ड अश्रुग्यास र सामान्य लाठी चार्ज गरेको राससलाई बताउनुभयो। भीड नियन्त्रण बाहिर गएपछि आफूहरुले बाध्य भएर अश्रुग्यास र सामान्य लाठी चार्ज गर्न पुगेको प्रहरी उपरीक्षक राठौरको स्वीकारुनुभयो।

मलङ्गवा पब्लिक मावि अगाडिबाट विरोध प्रदर्शन शुरु गरिएको थियो। हत्याको छानबिन र उजुरी लिन माग गर्दै गरिएको प्रदर्शन जिल्ला प्रहरी कार्यालय अघि पुगेपछि प्रहरीले अश्रुग्यास प्रहार गरेको प्रदेशसभा सदस्य सिंहले बताउनुभयो।

प्रदेशसभा सदस्य सिंहले प्रहरीले सयौं राउण्ड हवाई फायर गरेको जिकिर गर्नुभयो। प्रहरीको लाठी चार्जबाट ५० जनाभन्दा बढी प्रदर्शनकारी घाइते भएको कांग्रेस सर्लाहीले जनाएको छ। घटनाका दोषीलाई कारवाही तथा मृतक रामलाई शहीद घोषणा गर्न माग गर्दै कांग्रेस सर्लाहीले विरोध प्रदर्शन गरेको हो।

प्रदेश प्रहरी प्रमुख धीरजप्रताप सिंहले कांग्रेस कार्यकर्ता र प्रहरीबीच भएको झडपमा नेपाल प्रहरीका १५ र सशस्त्र प्रहरीका चार जना घाइते भएको जानकारी दिनुभयो। घटनामा विजय महरा, विलासी महरा र रामप्रदेश महरालाई पक्राउ गरिएको प्रहरी प्रमुख सिंहले जानकारी दिनुभयो।

कांग्रेसले राम मृत्यु प्रकरणका विषयमा सत्यतथ्य छानबिन गर्न सोमबार जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्रसमेत बुझाएको

बाँकी अन्तिम पृष्ठमा


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१–५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# पुनःगठित मन्त्रिपरिषद्को विशेषता

काठमाडौं, २८ असोज (रासस)।

मन्त्रिपरिषद्मा बुधबार गरिएको पुनःगठनले केही समययता रिक्त मन्त्रालयले नेतृत्व पाएका छन्। तीन मन्त्रालयको नेतृत्वमा नयाँ अनुहार आएका छन्। यसैगरी मन्त्रिमण्डलमा व्यापक हेरफेर हुने भन्ने कतिपय अड्कलबाजीलाई यो पुनः गठनले असत्य सावित गरेको छ।

पछिल्लो समयमा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच मन्त्रिमण्डल पुनःगठन, पार्टी एकताका बाँकी काम, संवैधानिक आयोगका रिक्त पदमा नियुक्तिलगायतबारे दैनिकजसो परामर्श हुँदै आएको थियो। नेकपाका शीर्ष नेताहरुका बीचमा पनि धेरै नयाँ अनुहारका मन्त्री पठाउने र अधिकांश पुरानैलाई निरन्तरता दिने भन्नेमा विभिन्न कोणबाट छलफल चलेको थियो।

गत भदौ २६ गते सम्पन्न स्थायी कमिटी बैठकले पार्टीभित्रको अन्तरविरोध हल गर्दै सङ्घीय र प्रदेश सरकारमा आवश्यकतानुसार हेरफेर गर्ने निर्णय गरेको थियो। सोही कार्यादेशबमोजिम सरकार र पार्टीका कामलाई प्रभावकारीरुपमा सञ्चालन गर्ने सङ्कल्प पनि नेकपाको पछिल्लो सचिवालय बैठकले गरेको थियो।

प्रधानमन्त्री ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले मौजुदा मन्त्रिपरिषद्मा केही नयाँ मन्त्रीको पदपूर्तिसहित केही मन्त्रालयको नेतृत्वमा सामान्य हेरफेर गर्नुभएको हो। नयाँ जिम्मेवारीमा रक्षा मन्त्रालयको कार्यभार प्रधानमन्त्री ओली आफैंले लिनुभएको छ भने उपप्रधानमन्त्री एवं रक्षामन्त्री रहनुभएका ईश्वर पोखरेललाई उपप्रधानमन्त्रीसहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जिम्मेवारी दिइएको छ। विगतमा विनाविभागीयमन्त्री बनाइएर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्बाट कार्यालय सञ्चालन गर्न दिइए पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को स्पष्ट जिम्मेवारीसहित मन्त्री तोकिएको यो नयाँ अभ्यास हो। उपप्रधानमन्त्री पोखरेलले कोभिड –१९ रोकथाम तथा नियन्त्रणसम्बन्धी उच्चस्तरीय समिति संयोजकसमेतको भूमिका प्रभावकारीरुपमा निर्वाह गर्नुभएका सन्दर्भमा प्रधानमन्त्री ओलीलाई सघाउने गरी यो नयाँ जिम्मेवारी दिइएको देखिएको छ।

नेकपा स्थायी कमिटी सदस्य एवं लुम्बिनी प्रदेशका मुख्यमन्त्री शङ्कर पोखरेलले सामाजिक सञ्जालमा प्रतिक्रिया दिँदै नेता पोखरेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको जिम्मेवारीसहित मन्त्रिपरिषद्को समग्र कामको संयोजनको भूमिका पाउनुभएको उल्लेख गर्नुभएको छ।

रिक्त अर्थमन्त्रीमा नियुक्त विष्णुप्रसाद पौडेल विगतमा पनि अर्थमन्त्री भइसक्नुभएका नेकपाका महासचिव हुनुहुन्छ। निवर्तमान अर्थमन्त्री डा युवराज खतिवडालाई राजनीतिक पृष्ठभूमिको अभावका कारण कतिपय बजेट शीर्षकमा पार्टीभित्रैबाट समेत आलोचना भएका स्थितिमा नयाँ अर्थमन्त्री राजनीतिक क्षेत्रको अनुभवी व्यक्ति हुनुभएको छ।र

निवर्तमान सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाको राजीनामापछि रिक्त सञ्चारमन्त्रीमा यसअघि महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री रहनुभएका पार्वत गुरुङले जिम्मवारी पाउनुभएको छ। उहाँ गत प्रतिनिधिसभामा मुलुककै सबैभन्दा बढी मतान्तरबाट विजयी हुने दोलखाका सङ्घीय सांसद् हुनुहुन्छ। शहरी विकासमन्त्रीमा नियुक्त कृष्णगोपाल श्रेष्ठ लामो समय काठमाडौं उपत्यकाको पार्टी नेतृत्वमा रहनुभएको थियो। उहाँ पूर्व स्थानीय विकास राज्यमन्त्री पनि हुनुहुन्छ।

महिलामन्त्री हुनुभएका सिरहाका लीलानाथ श्रेष्ठ पहिलो पटक मन्त्री हुनुभएको छ। नवनियुक्त मन्त्रीसँग प्रधानमन्त्री ओलीले छलफल गरी सरकारका प्राथमिकताबारे निर्देशन दिनुभएको छ। मन्त्रीहरुको शपथग्रहण बिहीबार हुने जनाइएको छ। बडादशैंपूर्वको यो हेरफेरले पुराना मन्त्रीहरुलाई आत्मबलका साथ काम गर्न र नयाँ मन्त्रीहरुलाई नयाँ उत्साहका साथ कार्यक्षेत्रमा ओर्लन प्रेरणा दिने विश्वास छ।

# बालबालिका कार्यक्रम एकीकृत बनाउन मन्त्री गुरुङको आग्रह

काठमाडौं, २८ असोज (रासस)।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले बाल अधिकारको क्षेत्रमा कार्यरत सङ्घ, संस्थालाई एकीकृत कार्यक्रम बनाएर अघि बढन आग्रह गर्नुभएको छ।

बाल सहभागितामा कार्यरत संस्थाको साझा समूह (कन्सोर्टियम–नेपाल)ले बुधबार आयोजना गरेको 'भर्चुअल' बैठकमा उहाँले बाल अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ, संस्थाले एकीकृत नीति, कार्यक्रम र बजेटका साथ काम नगरे बालअधिकार सुनिश्चित गराउने अभियान प्रभावकारी हुन नसक्ने बताउनुभयो।

"एकीकृत नीति, कार्यक्रम र बजेटका साथ काम नगरे बाल अधिकार सुनिश्चित् गर्ने राष्ट्रिय अभियान अधुरो रहनेछ," उहाँले भन्नुभयो, "बाल अधिकार सुनिश्चित गराउने कार्यक्रमलाई प्रभावकारी बनाउन पनि एकीकृत कार्यक्रम बनाएर अघि बढ्न म सम्बद्ध सरकारी तथा गैरसरकारी सङ्घ, संस्थालाई आह्वान गर्दछु।"

मन्त्री गुरुङले बालबालिकासँग केन्द्रित कार्यक्रमलाई प्रभावकारी बनाउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अन्तर मन्त्रालयसँगको सहकार्यमा जोड दिएको उल्लेख गर्दै 'बालमैत्री नेपाल' निर्माण हुनेगरी बालबालिका सम्बन्धी १० वर्षे रणनीतिक योजना बनाउने कामलाई तीव्रता दिइएको जानकारी दिनुभयो।

तयरराष्ट्रिय बाल अधिकार परिषद्को नेतृत्वमा बाल अधिकारको क्षेत्रमा कार्यरत सङ्घ, संस्थालाई एउटै कार्यक्रमका साथ अघि बढाएर बाल अधिकार सुनिश्चित गराउने अभियानलाई सार्थक बनाउन लागिपर्ने बताउँदै उहाँले बालबालिका सिर्जना र सम्भावनाका खानी भएकाले उनीहरुको हितका लागि सम्बन्धित सबै पक्षले अग्रसरता लिनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा बाल अधिकारकर्मी तारक धितालगायतले बालबालिकाको हितका लागि उनीहरुको अर्थपूर्ण सहभागितामा मात्रै नीति र कार्यक्रम बनाइ कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिनुभयो।

# खाली सिलिण्डरको मूल्य लागू

काठमाडौं, २८ असोज (रासस)।

नेपाल एलपी ग्यास उद्योग सङ्घले खाना पकाउने एलपी ग्यासमा प्रयोग हुने फलामे खाली सिलिण्डरको मूल्य तोकेको छ। दुर्गमका क्षेत्र बाहेकका जिल्लामा ग्यास सिलिण्डरको मूल्यमा एकरुपता ल्याउन तोकिएको नयाँ मूल्य रु दुई हजार एक सय बुधबारबाट लागू भएको छ।

यसअघि सङ्घले ग्यास बिक्रेताले फरक/फरक मूल्यमा खाली सिलिण्डरको मूल्य लिएको भन्दै पहिलो चरणमा वाग्मती प्रदेशभित्र सञ्चालनमा रहेका २९ उद्योगका सिलिण्डरको मूल्य तोकेको थियो। तर बुधबारबाट लागू हुने गरी दुर्गमका क्षेत्र बाहेकका जिल्लाका लागि खाली सिलिण्डरको मूल्य लागू गरिएको सङ्घका अध्यक्ष गोकुल भण्डारीले जानकारी दिनुभयो।

उहाँका अनुसार उद्योगले खरिद गरेको मूल्यभन्दा कम मूल्यमा बिक्री गरिए तापनि ग्यासका डिलर अनुसार मूल्य फरक/फरक रहेपछि मूल्य तोकिएको हो। नयाँ सिलिन्डरको उपभोक्ता धरौटी रसिद नभएका सिलिण्डरको दायित्व ग्यास उद्योगले नलिने सङ्घले जनाएको छ।

सङ्घले सिलिण्डर खरिद गर्दा अनिवार्य रुपमा सम्बन्धित उद्योगको धरौटी रसिद बिक्रेता (डिलर)मार्फत लिनसमेत अनुरोध गरेको छ। रसिद नलिएका सिलिण्डरको जवाफदेही तथा दायित्व उद्योगले नलिने समेत जनाएको छ। सङ्घले तोकेको नयाँ मूल्य अनुसार रु एक सय बिक्रेताका लागि छुटचाइएको जनाएको छ।

सङ्घले आफ्नो कम्पनीबाहेक अरु कम्पनीको खाली सिलिण्डर साट्नु गैरकानूनी भएको भन्दै साटेको थाहा भएमा कारवाही गर्ने जनाएको छ। उद्योग तथा बिक्रेता अनुसार खाली सिलिण्डरको मूल्य रु तीन हजार ५०० सम्म लिने गरिएकोमा बुधबारबाट सबै उद्योगका सिलिण्डरको मूल्य रु दुई हजार एक सय लागू भएको छ।


पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं।।

पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं।।

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख–पीडा भोगिरहेको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवेदनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रव्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन। त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# अपराध रोक्ने रणनीति बनाउन गृहमन्त्रीको निर्देशन

काठमाडौँ, २८ असोज (रासस)। गृहमन्त्री रामबहादुर थापाले कोरोनाका कारण उत्पन्न आर्थिक र सामाजिक असरले अपराधका घटना बढ्न सक्ने भएकाले त्यसलाई रोक्ने गरी सुरक्षा रणनीति बनाउन निर्देशन दिनु भएको छ।

भर्चुअल रुपमा मंगलबार आयोजना गरिएको प्रदेश १ को प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा गृहमन्त्री थापाले कोरोनाका कारण अपराधका नयाँ शैली बढ्न थालेकाले यसलाई रोक्ने गरी सुरक्षा योजना र रणनीति बनाउन मातहतका निकायलाई निर्देशन दिनुभएको हो। उहाँले भन्नुभयो, "नयाँ चुनौतीलाई सफलतापुर्वक सम्पन्न गर्न र जनताको जीउधनको सुरक्षा गर्न सुरक्षा रणनीति परिमार्जन गर्नुपर्छ, उच्चस्तरको सुरक्षा योजना र रणनीति बनाउन मंगलबारको गोष्ठीले सहयोग गर्ने छ।"

उहाँले पछिल्लो समय लैङ्गिक हिंसा र बलत्कारका घटना बढेको बताउँदै यस्ता घटनामा चनाखो र संवेदनशिल हुन निर्देशन दिनुभयो। गृहमन्त्री थापाले अन्तर्राष्ट्रिय सिमानाका बन्दलाई यथावत राख्ने निर्णय भएको जानकारी गराउनुभयो। सीमानाका नियन्त्रण र नियमनलाई प्रभावकारी बनाईराख्न समेत उहाँले निर्देशन दिनुभयो। उहाँले प्रहरी समायोजनबारेको प्रस्ताव पास भईसकेको जानकारी दिँदै अब समायोजनको प्रक्रिया अघि बढ्ने र छिट्टै प्रदेश प्रहरी गठन हुने विश्वास दिलाउनुभयो। उहाँले दशैं तिहारजस्ता चाडपर्व नजिकिएको भन्दै कालोबजारी र महङ्गी नियन्त्रणका लागि नियमित रुपमा बजार अनुगमन र कारवाही गर्न प्रमुख जिल्ला अधिकारीलाई समेत निर्देशन दिनुभयो। गृहमन्त्री थापाले चाडपर्व लक्षित प्रदेशस्तरीय र जिल्लास्तरीय सुरक्षा योजना बनाउन पनि मातहतका निकायलाई निर्देशन दिनुभयो।

कोरोनाका कारण सातै प्रदेशमा लामो समयदेखि प्रदेशस्तरीय सुरक्षा गोष्ठी रोकिएकोमा मंगलबार प्रदेश नं १ मा आयोजना भएको हो।

गोष्ठीलाई प्रदेश १ का मुख्यमन्त्री शेरधन राई, सोही प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मत कार्की, गृहसचिव महेश्वर न्यौपाने, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलगायतले सम्बोधन गर्नुभएको थियो।

# राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमबाट पठनसीपमा सुधार

काठमाडौँ, २८ असोज (रासस)। विद्यार्थीको सिकाइमा केन्द्रित भई शिक्षाको गुणस्तर सुधार गर्ने लक्ष्यका साथ पाँच वर्षअघि शुरु गरिएको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले सिकाइको दायरा फराकिलो भएको छ। कक्षा १ देखि ३ सम्मका बालबालिकाको पढाइ सीपको विकासका जोड दिएको सो परियोजनाको सन् २०१८ मा गरिएको मध्यावधि मूल्याङ्कनअनुसार उक्त तहका बालबालिकाको पठनसीप र बोध क्षमतामा राम्रो सुधार भएको जनाइएको छ।

उक्त पाँचवर्षे परियोजनाबारे मन्त्रालयले दातृ निकायका प्रतिनिधिसहित सरोकार पक्षसँग गरेको तीनदिने छलफल कार्यक्रमको पहिलो दिन मंगलबार यसका उपलब्धिबारे अवगत गराइएको हो। विसं २०७२ मा अमेरिकी सहायता नियोग युएसएआइडी नेपालको प्राविधिक सहयोगमा सञ्चालित सो परियोजना १६ जिल्लाबाट शुरु भई हाल तेस्रो चरणमा मुलुकका ३५ जिल्लामा विस्तार भएको छ। चौथो चरणमा ७७ वटै जिल्लामा विस्तार गर्ने लक्ष्य छ।

छलफल कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा उषा झाले सरकारले शिक्षालाई उच्च प्राथमिकतामा राखेको जनाउँदै उक्त परियोजनाले बालबालिकाको पढाइ क्रियाकलापमा सहयोग गरेको पाउँदा खुशी लागेको बताउनुभयो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव गोपीनाथ मैनालीले परियोजनाले उच्चशिक्षाका लागि दरिलो जग खडा गरेको उल्लेख गर्दै बालबालिका रमाउँदै पढ्दै गर्ने राम्रो अभ्यासको थालनी भएको बताउनुभयो।

विद्यालय क्षेत्र सुधार कार्यक्रमको एक अङ्गका रुपमा लिइएको सो परियोजनाले सामुदायिक विद्यालयको सक्षमता र गुणस्तर सुधार गर्न प्राथमिकता दिएको मन्त्रालयका सहसचिव डा तुल्सीप्रसाद थपलियाले जानकारी दिनुभयो। पाँच वर्षमा कूल ७१ मिलियन अमेरिकी डलरमध्ये २५ मिलियन युएसएआइडीले र बाँकी नेपाल सरकार तथा विद्यालय क्षेत्र विकास कार्यक्रमको पुलिङ विकास साझेदारले व्यहोर्ने उल्लेख छ। शिक्षामा कार्यरत नागरिक समाजका प्रतिनिधिले भने यस्ता परियोजना सञ्चालन गर्दा स्थानीय तह र समुदाय तथा सबै पक्षलाई परिचालन गर्न र परियोजनाका सबै विवरण पारदर्शी गर्न माग गर्दै आएका छन्।




## विश्व समाचार

# विश्वभरी कोभिड-१९ बाट सङ्क्रमितको संख्या तीन करोड ८० लाख पुग्यो

वासिङ्टन, २८ असोज (रासस/एएनआई)।

विश्वभरि महामारीको रुपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) का कारण तीन करोड ८० लाखभन्दा बढी मानिस सङ्क्रमित भएका छन्।

जोन्स हकिन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरणअनुसार विश्वभरि हालसम्म तीन करोड ८० लाख ३३ हजार २८७ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका हुन्। कूल सङ्क्रमितमध्ये दुई करोड ६३ लाख ८८ हजार ६३३ जना सङ्क्रमणमुक्त भइसकेको विश्वविद्यालयले जनाएको छ। सङ्क्रमणमुक्त भएकाहरुको संख्यामा भारत अग्रस्थानमा रहेको छ। भारतमा अहिलेसम्म ६२ लाख २७ हजार २९५ जना सङ्क्रमणमुक्त भएका छन्।

अमेरिकामा भने सङ्क्रमितहरुको अवस्था डरलाग्दो छ। सबैभन्दा धेरै सङ्क्रमित रहेको मुलुकमा अमेरिका नै रहेको छ। अमेरिकामा अहिलेसम्म ७८ लाख ५४ हजार ९१७ जना सङ्क्रमित भएका छन् भने अरु दुई लाख १५ हजार ८६१ जनाको कोरोनाकै कारण मृत्यु भएको छ।

धेरै प्रभावित भएकाहरुको सूचीमा भारत र ब्राजिल दोस्रो र तेस्रो क्रममा रहेका छन्। भारतमा अहिलेसम्म ७१ लाख ७५ हजार ८८० जना सङ्क्रमित हुँदासम्म एक लाख नौ हजार ८५६ जनाको मृत्यु भएको छ।

त्यसैगरी ब्राजिलमा अहिलेसम्म ५१ लाख तीन हजार ४०८ जना सङ्क्रमित रहेका छन् भने एक लाख ५० हजार ६८९ जनाको कोरोनाकै कारण मृत्यु भएको छ।

त्यसैगरी चौथो धेरै प्रभावित भएको रुसमा भने अहिलेसम्म १३ लाख १८ हजार ७८३ जना सङ्क्रमित भएका छन्। रुसमा कोरोनाका कारण २२ हजार ८३४ जनाको ज्यान गएको छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले गत मार्च ११ देखि विश्वभरी कोरोनाभाइरसको महामारी फैलिएको घोषणा गरेको थियो।

# तालिबानको भिषण आक्रमण, १६ सुरक्षाकर्मी मारिए

काबुल, २८ असोज (रासस-एएनआई)।

अफगानिस्तानका विद्रोही समूह तालिबानका लडाकूले गरेको पछिल्लो आक्रमणमा कम्तीमा १६ जना सुरक्षाकर्मी मारिएका छन्। स्रोतहरुका अनुसार आक्रमणबाट १० जनाभन्दा बढी सुरक्षाकर्मी घाइते भएका छन्।

बाघलान प्रान्तको गोजारगाह-ए-नूर जिल्लाको एक सुरक्षा जाँच चौकीमा तालिबानले आक्रमण गरेको अफगान रक्षा मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार नजिकै रहेको प्रान्तीय प्रहरी मुख्यालय नजिक पनि भिडन्त भइरहेको छ।

तालिबान तर्फ के कति क्षति भयो भन्ने खबर प्राप्त भइसकेको छैन। अफगान सेना र प्रहरीका लागि अमेरिकी सैनिकले समेत बन्दोबस्तीको प्रबन्ध गरिरहेको अफगानिस्तानस्थित अमेरिकी सैनिक कमान्डले जनाएको छ।

उक्त हमलाका बारेमा थप विवरण आउन बाँकी रहेको छ। अफगान सरकार र तालिबानबीच कतारको दोहामा प्रत्यक्ष वार्ता जारी रहे पनि अफगानिस्तानभित्र हिंसात्मक झडपहरु नियमित रुपमा भइरहेका छन्। तालिबान र अमेरिकाबीच शान्ति स्थापनार्थ एक सम्झौतामा हस्ताक्षर भए पनि दिगो शान्ति स्थापनामा अझै जटिलताहरु रहेका छन्।

यसैबीच, दुई वटा अफगान सैनिक हेलिकप्टर हेल्मान्ड प्रान्तमा जुधेर भएको दुर्घटनामा ९ जना सैनिकको मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको छ।

हेल्मान्ड प्रान्तका गभर्नरका प्रवक्ता ओमर ज्वाकले ती हेलिकप्टरबाट घाइते सैनिकको उद्धार कार्य भइरहेको जानकारी दिनुभयो। हेल्मान्ड प्रान्तका विभिन्न स्थानमा तालिबान समूहले गरेको आक्रामक कारवाहीबाट बच्न हजारौं मानिस आआफ्ना घर छाडेर अन्यत्र पलायन भएका छन्।

# अत्यधिक बर्षाका कारण भारतको तेलंगानामा १२ को मृत्यु

हैदराबाद, २८ असोज (रासस/पिटिआई)।

भारतको तेलंगाना राज्यमा अत्यधिक बर्षापछिका घटनामा परी थप कम्तीमा १२ जनाको मृत्यु भएको छ।

राज्यका विभिन्न ठाउँमा भएका घटनामा परी उनीहरुको मृत्यु भएको प्रहरी अधिकारीहरुले बुधबार जानकारी दिएका छन्।

चन्द्रयाँगुत्ता प्रहरी कार्यालयको दुई ओटा पर्खाल भत्किएर भएको दुर्घटनामा परी १० जनाको मृत्यु भएको छ।

त्यसैगरी एक जना ४० बर्षीया महिला र उहाँकी छोरीको इब्राहिमपत्नाममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। उनीहरुको आफ्नै घरको छतले च्यापिएर मृत्यु भएको हो।

प्रहरी अधिकारीहरुले प्रदेशका धेरै ठाउँमा घर तथा पर्खाल भत्कीने, बाढी पहिरो जानेलगायतका घटनाहरु भएको जनाएका छन्। ती घटनाहरुमा परी अरु धेरै मानिस घाइते भएको विवरणहरु प्राप्त भइरहेको पनि प्रहरी अधिकारीहरुले बताएका छन्।

घटनामा परेकाहरुको उद्धार तथा सहयोगका लागि हैदरावाद लोक सभाका सदस्य असादुद्दीन ओवैसीले अनुगमन गरिरहनु भएको जनाइएको छ। प्रहरी र उद्धारकर्ताहरुले बाढी, पहिरोलगायतका घटनाका कारण प्रभावित र विस्थापितहरुलाई विभिन्न ठाउँमा स्थानान्तरण गरेका छन्।

प्रदेशभरिमा औसतमा ९८.९ मिलिमिटर पानी परेको मौसम विज्ञान विभागका अधिकारीहरुले जानकारी दिएका छन्।

# प्रहरी दिवसमा बृक्षारोपन तथा धार्मिक स्थलको सरसफाई



**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

६५ औं प्रहरी दिवसको अवसरमा बुधबार बृक्षारोपन तथा विभिन्न धार्मिक स्थलहरुको सरसफाई गरिएको छ।

सार्वजनिक स्थलमा बृक्षारोपन तथा राजविराजस्थित विभिन्न मठ मन्दिरमा सरसफाई गर्दै २ नं. प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजले प्रहरी दिवस मनाएको हो।

कोरोनाको जोखिम कायमै रहेकोले भिडभाड नहुने गरी बृक्षारोपन तथा मठ मन्दिरको सरसफाई कार्यक्रम रोजेको तालिम केन्द्रका प्रहरी वरिष्ठ उपरिक्षक हरिराज वाग्लेले बताए।

चाडपर्वको समय नजिकिएकै बेला मन्दिरहरुमा भिडभाड लाग्ने भएकोले बृक्षारोपन सँगसँगै धार्मिक स्थलहरुको सरसफाई गर्ने कार्यक्रम तय गरिएको र यो कार्यक्रम तीन दिनसम्म संचालन हुने तालिम केन्द्रका प्रहरी नायब उपरिक्षक खगेन्द्र खडगाले जानकारी दिए।

बृक्षारोपन तथा सरसफाई कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न झण्डै ५ दर्जन जनशक्ति परिचालन गरिएको २ नं. प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजले जनाएको छ।

# कोरोना संक्रमणबाट एकै परिवारका तीनको मृत्यु

दमौली, २८ असोज (रासस)।

तनहुँको भीमाद नगरपालिकाका एकै परिवारका तीन जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको छ।

मृत्यु हुनेमा भीमाद नगरपालिका-६ का ९८, ७५ र ७२ वर्षीय पुरुष रहेका छन्। तीमध्ये एक बाबु र दुई छोरा छन्। ९८ वर्षीय पुरुषको काठमाडौँस्थित मेडिसिटी अस्पतालमा असोज २५ गते, ७५ वर्षीय पुरुषको काठमाडौँस्थित बिएण्डवी अस्पतालमा असोज २४ गते र ७२ वर्षीय पुरुषको चितवन मेडिकल कलेजमा असोज १९ गते मृत्यु भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

९८ वर्षीय बाबु बिरामी परेपछि चितवनस्थित एक अस्पतालमा भर्ना गरिएको थियो। अवस्था सुधार नभएपछि उहाँलाई काठमाडौँ लगियो। उपचारका क्रममा उहाँलाई कोरोना सङ्क्रमण पुष्टि भएको थियो। बुबाको स्यहारसुसारमा खटिएका दुई छोरालाई पनि पछि कोरोना देखिएको थियो।

योसँगै तनहुँमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या आठ पुगेको छ। यस अगाडि ब्यास नगरपालिकाका दुई, म्याग्दे गाउँपालिकाका एक, आँबुखैरेनी गाउँपालिकाका दुई जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको थियो।

### *तस्करद्वारा ...*

प्रहरीमाथी आक्रमण हुन थालेपछि जिल्ला प्रहरी कार्यालयबाट थप सुरक्षाकर्मी पठाइएको र सुरक्षाका लागि चार राउण्ड हवाई फायर गरिएपछि तस्करहरु फरार भएको प्रहरी उपरिक्षक धमलाले बताए।

घटनास्थलबाट प्रहरीले तस्करहरुले प्रयोग गरेका मध्येका एक जनाको मोटरसाइकल बरामद गरेको छ। पक्राउ परेका तस्करलाई छाडिदिन जम्मा भएका स्थानियले चर्को दबाब दिएका थिए। तर प्रहरीले नमानेपछि केही स्थानिय र तस्करहरु मिलेर आक्रमण सुरु गरेको प्रहरीको भनाई छ।

यता प्रहरी उपरिक्षक धमलाले घटनामा संलग्न अपराधिहरुको व्यापक रुपमा खोजिकार्य भइरहेको जानकारी दिएका छन्।

### *हिंसात्मक घटना ...*

ल्याउनुपर्ने माग गरिएको छ।

सोही ज्ञापनपत्रमा कोरोना भाइरसको संक्रमणले उब्जाएका समस्या र चुनौतिका साथ साथै शासक जातीय अहंकार, स्थानीय जातीय अहंकार, उच्च बर्गीय षडयन्त्र र पृतिसत्तात्मक सोच, चिन्तनको साथै अन्ध धार्मिकता उन्मादका कारण यस्ता समस्याहरु झन जटिल बन्दै गएको भन्दै दमन र बिभेदमा पारिएकाहरुलाई क्षतिपुर्ति सहित बिशेषाधिकारको ग्यारेन्टीसँगै समानताको प्रत्याभुति गर्न माग गरिएको छ।

राष्ट्रिय युवा संघ सप्तरीका ईञ्चार्ज निरञ्जन झा, जिल्ला संयोजक बिनोद कुमार यादव र सहसंयोजक आनन्द देव यादवद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा दलित समुदाय लक्षित बिशेष कार्यक्रम, बेघरबारलाई जनताको आवास, भोजन, वस्त्र, शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार सृजना केन्द्रीत कार्यक्रम ल्याउन माग गर्दै महिलामाथि भईरहेको घरेलु हिंसा, यौनजन्य हिंसा र बलात्कार, बोक्सी लगायतका आरोपमा उत्पीडन र बेइज्जतीलाई तुरुन्त रोक्न र संलग्न अपराधलाई दण्डित गर्न समेत माग गरिएको छ।

# मन्त्रिपरिषद्मा हेरफेर: नयाँ तीनको प्रवेश

काठमाडौँ, २८ असोज (रासस)।

राष्ट्रपति विद्यादेवी भण्डारीले मौजूदा मन्त्रिपरिषद्मा हेरफेर गर्नुभएको छ। राष्ट्रपति भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा रिक्त मन्त्रालयमा पदपूर्तिसहित केही मन्त्रालयको नेतृत्वमा सामान्य हेरफेर गर्नुभएको छ।

राष्ट्रपतिको कार्यालयले बुधबार विज्ञप्ति जारी गरी दिएको जानकारीअनुसार रक्षा मन्त्रालयको कार्यभार प्रधानमन्त्री ओली आफैँले लिनुभएको छ भने उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेललाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जिम्मेवारी दिइएको छ। रिक्त अर्थमन्त्रीमा विष्णुप्रसाद पौडेल, सञ्चार तथा सूचना प्रविधिमन्त्रीमा पार्वत गुरुङ, शहरी विकासमन्त्रीमा कृष्णगोपाल श्रेष्ठ र महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीमा लीलानाथ श्रेष्ठ नियुक्त हुनुभएको छ। कृष्णगोपाल र लीलानाथ वर्तमान सरकारमा नयाँ प्रवेशी हुनुभएको छ। अन्य मन्त्री र उहाँहरुको कार्यभार यथावतै छ।

### *कांग्रेस प्रदर्शनमा...*

थियो। प्रहरीले घटनाको छानबिन नगरेर पीडित परिवारका तर्फबाट जाहेरीसमेत लिन नमानेको कांग्रेसको आरोप छ। रामनगर-७ सिसौट बस्ने राममाथि यही असोज २१ गते बेलुका आफ्नो घरअघि बसिरहेका बेला १२/१५ जनाको समूहमा आएका अज्ञात व्यक्तिले धारिलो हतियार प्रहार गरेका थिए।

आक्रमणमा परी गम्भीर घाइते भएका रामको असोज २२ गते उपचारका क्रममा इन्डो अस्पताल वीरगञ्जमा मृत्यु भएको थियो। रामको निधनपछि शव परीक्षणका लागि सर्लाहीस्थित मलङ्गवा अस्पतालमा परिवारले ल्याउन खोजे पनि प्रहरीले दबाब दिएर वीरगञ्जस्थित नारायणी अस्पतालमा राखेको कांग्रेसको आरोप छ।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



# हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*